मिति मे ११, २०२२ मा अध्यक्ष बुद्दि सागर सुबेदीको अध्यक्षतामा तपसिलमा उपस्थित सदस्यहरुको उपस्थितिमा भर्चुअल बैठक बसी तल उल्लेख गरिएका प्रस्तावहरु उपर छलफल गर्दै निर्णय गरेर सम्पन्न भयो।

| उपस्थिति | | | |
|---|---|---|---|
| क्र.सं. | नाम,थर | पद | उपस्थिति |
| 1 | बुद्दि सागर सुबेदी | अध्यक्ष | उपस्थित |
| 2 | कृष्ण जीवि पन्त | बरिष्ठ उपाध्यक्ष | उपस्थित |
| 3 | सुमन थापा | उपाध्यक्ष | उपस्थित |
| 4 | गोपेन्द्र राज भट्टराई | उपाध्यक्ष | उपस्थित |
| 5 | डिलुराज पराजुली | उपाध्यक्ष | उपस्थित |
| 6 | बिकाश उप्रेती | उपाध्यक्ष | उपस्थित |
| 7 | दिक्षा बस्नेत | महिला उपाध्यक्ष | उपस्थित |
| 8 | अन्जन कुमार चौलागाईं | महासचिव | उपस्थित |
| 9 | अनुप खनाल | सचिव | उपस्थित |
| 10 | सुनिता कंडेल | महिला सचिव | उपस्थित |
| 11 | राजीव श्रेष्ठ | कोषाध्यक्ष | उपस्थित |
| 12 | अग्नि ढकाल | सह-कोषाध्यक्ष | अनुपस्थित |
| 13 | तोया दाहाल | प्रवक्ता | उपस्थित |
| 14 | सुन्दरी गुरुङ | महिला संयोजक | उपस्थित |
| 15 | त्रिभुवन पाण्डे | युवा संयोजक | अनुपस्थित |
| 16 | बिशाल राना | बोर्ड सदस्य | उपस्थित |
| 17 | प्रकाश श्रेष्ठ | बोर्ड सदस्य | अनुपस्थित |
| 18 | बाला घिमिरे | बोर्ड सदस्य | उपस्थित |

| | | | |
|---|---|---|---|
| 19 | डोलनाथ घिमिरे | बोर्ड सदस्य | अनुपस्थित |
| 20 | प्रभात राज सापकोटा | बोर्ड सदस्य | अनुपस्थित |
| 21 | ज्ञानेन्द्र गुरुङ | बोर्ड सदस्य | उपस्थित |
| 22 | सन्तोष पहारी | बोर्ड सदस्य | अनुपस्थित |
| 23 | आशिष संग्रौला | बोर्ड सदस्य | अनुपस्थित |
| 24 | शान्ती वाग्ले पौड्याल | बोर्ड सदस्य | उपस्थित |
| 25 | बिश्वराज बास्तोला | बोर्ड सदस्य | उपस्थित |
| 26 | दुर्गेश जंग कार्की | बोर्ड सदस्य | उपस्थित |
| 27 | राज ढुंगाना | बोर्ड सदस्य | उपस्थित |
| 28 | किरण बस्नेत | क्ष त्री य सं यो ज क म ध्य पश्चिम | उपस्थित |
| 29 | सम्बर बहादुर बुढाथोकी | क्षत्रीय संयोजक -उत्तर | उपस्थित |
| 30 | श्रीराम थापा | क्षत्रीय संयोजक - पश्चिम | उपस्थित |
| 31 | बादल भुजेल | क्षत्रीय संयोजक -दक्षिण | अनुपस्थित |

**आमन्त्रित उपस्थित**

| क्र.सं. | नाम,थर | पद | उपस्थिति |
|---|---|---|---|
| 1 | बिकाश देवकोटा | फ्लोरिडा च्याप्टर अध्यक्ष | उपस्थित |
| 2 | एक देव शर्मा | क्यालिफोर्निया च्याप्टर अध्यक्ष | उपस्थित |
| 3 | विमल अधिकारी | नेब्रास्का च्याप्टर अध्यक्ष | उपस्थित |
| 4 | दिपक थापा | विस्कनसिन च्याप्टर अध्यक्ष | उपस्थित |
| 5 | लक्ष्मन दर्लामी | ओरेगन च्याप्टर अध्यक्ष | उपस्थित |

**प्रस्तावहरु**

१) साधारण सभाको तयारीका सम्बन्धमा ।

२) संस्थालाई क्षति पुऱ्याउने उद्देश्यले भइरहेका गतिविधिको सम्बन्धमा

३) सदस्यता सम्बन्धी
४) विविध

**निर्णयहरू**

**प्रस्ताव नम्बर १** उपर छलफल गर्दा नर्थ क्यारोलाइना राज्यको र्‍यालीमा आयोजना गर्न लागिएको गैर आवासीय नेपाली सङ्घ अमेरिकाको ११औँ साधारण सभाको तयारीका सम्बन्धमा भइरहेका कामहरूको उपाध्यक्ष तथा कन्भेनर सुमन थापा र कोषाध्यक्ष राजीव श्रेष्ठले कार्यसमितिलाई जानकारी गराउनु भयो । कोषाध्यक्ष राजीव श्रेष्ठले साधारण सभा र नलेज कन्भेन्सनका लागि होटेल बुकिङ काम सम्पन्न भएको जानकारी गराउनु भयो । भागलिन चाहानुहुने सदस्यहरूले होटेलमा सहुलियत दरमा रहेका रुम छिटै नै लिन सक्ने व्यवस्था मिलाउने जानकारी गराउनु भयो । कन्भेनर सुमन थापाले साधारण सभा व्यवस्थित ढङ्गले सम्पन्न गर्नको लागि कार्यसमितिका ३१ जना र च्याप्टरका अध्यक्षहरू सहित १०१ सदस्य रहने मूल आयोजक समिति निर्माण गर्ने साथै मूल आयोजक समितिलाई व्यवस्थित परिचालन गर्नको लागी सानो आकारको कार्य सम्पादन समिति पनि निर्माण गर्ने तयारी अन्तिम चरणमा रहेको जानकारी गराउनु भयो । साधारण सभामा विभिन्न शीर्षकमा काम गर्नु पर्ने हुँदा व्यवस्थित र प्रभावकारी ढङ्गले कार्यसम्पादन गर्न अरू समितिहरू गठनको काम भइरहेको जानकारी गराउनु भयो । साधारण सभा भव्य रुपमा सफल बनाउन स्थानीय र विभिन्न सङ्घ सङ्गठन संग समन्वय गरी सहभागिता व्यापक गर्ने निर्णय गरियो।

**प्रस्ताव नम्बर २** उपर छलफल गर्दा संस्थालाई क्षति पुर्‍याउने उद्देश्यले भइरहेको गतिविधिको सम्बन्धमा कार्यसमितिका सबै जनाले चासो र चिन्ता व्यक्त गर्नु भयो । गैर आवासीय नेपाली सङ्घ अन्तर्राष्ट्रिय समन्वय परिषद्ले यस विषयमा एनआरएनए अमेरिकाद्वारा जानकारी र जवाफ माग गर्दै गरिएको पत्राचारको जवाफ आइनसकेको जानकारी कार्यसमितिलाई दिइयो । अध्यक्ष श्री बुद्धि सागर सुवेदीले यस विषयमा भइरहेका संवाद र औपचारिक पत्राचारका विषयमा आइसीसीका जिम्मेवार पदाधिकारीहरूसँग कुराकानी गरिरहेको जानकारी गराउनु भयो । कार्यसमितिमा पुन पत्राचार गरी गैर आवासीय नेपाली सङ्घ अन्तर्राष्ट्रिय समन्वय परिषद्सँग औपचारिक जानकारी माग गर्ने निर्णय गरियो । संस्थाको लोगो, लेटर हेड र नाम अनधिकृत रूपमा प्रयोग भएको विषयमा कानुनी परामर्श र आवश्यक कारबाही गर्न कार्यसमितिलाई महासचिव अन्जन कुमार चौलागाईले

कार्यसमितिमा ई मले पठाई कार्यसमितिको स्वीकृति लिइसके पछि कानुनी परामर्श गर्दै आवश्यकता अनुसार कानुनी मार्गमा हिँड्ने र हिँडाउने सम्बन्धमा भइरहेका कामको सम्बन्धमा पनि

कार्यसमितिलाई जानकारी गराइयो । गैर आवासीय नेपाली सङ्घ राष्ट्रिय समन्वय परिषद् अमेरिका अमेरिकामा विधिवत रूपमा दर्ता भएर सञ्चालन भइरहेका कारण संस्थाको नाम लेटर प्याड, लोगो,

संस्थाका सदस्यहरूको इमेल लगायतका व्यक्तिगत बिबरण कसैलाई प्रयोग गर्न इजाजत नदिइएका कारण कसैले पनि प्रयोग गर्न नसक्ने जानकारी गराउँदै संस्थालाई बदनाम गर्न र क्षति पुऱ्याउन गरिएको अवस्थामा कानुनी उपचार र क्षतिपूर्ति खोज्नु राम्रो हुने कानुनी परामर्श लिँदा विज्ञहरूले सुझाव दिइएको कार्यसमितिलाई जानकारी गराइयो । विज्ञहरूको सुझाव अनुरूप अगाडि बढ्नु राम्रो हुने कार्यसमितिका बहुमत सदस्यहरूको भनाइ रहेको छ । कानुनी तयारीका साथ बस्ने र आवश्यक परेको खण्डमा त्यस्ता व्यक्ति र समूह उपर कानुनी कारबाहीको लागी अदालती प्रक्रियामा जानको लागि अध्यक्षलाई जिम्मेवारी दिने निर्णय गरियो ।

**प्रस्ताव नम्बर ३** उपर छलफल गर्दा संस्थाको सदस्यता लिन चाहनेहरूका लागि छिटै खुला गरिने यस अगाडि नै निर्णय भइसकेको हुँदा सदस्यता खुला गर्नु अगाडि सुधार गर्नु पर्ने सम्बन्धमा सुझाव समिति निर्माण गरी प्राप्त सुझावलाई आवश्यकता अनुसार कार्यान्वयन गर्ने निर्णय गरियो । तीन साता भित्र सदस्यता खुला गर्दा संस्थालाई आर्थिक हिसाबले सम्भव, प्राविधिक रूपमा विश्वासिलो र भरपर्दा उपयुक्त विकल्पहरू , नीतिगत र व्यवहारिक रूपमा सम्भव हुने सुझाव दिन ७ सदस्य समिति निर्माण गर्ने निर्णय गरियो।

**संयोजक:**
गोपेन्द्र भट्टराई

**सदस्यहरू :**
कृष्ण जिवी पन्त
दिक्षा बस्नेत
सुमन थापा
दिलु पराजुली

"Once a Nepali Always a Nepali"

राजीव क्षेष्ठ
सुदिप बगाले

समितिले कार्यसमितिलाई आबश्यक कार्य अगाडि बढाउनको लागि सुझाव दिने छ ।

**<u>४) विविध:</u>**

क) स्मारिका प्रकाशन गर्नको लागी विज्ञापन सङ्कलन, छपाई र साज सज्जाको लागि संयोजन गर्न महिला सचिव सुनिता कँडेललाई जिम्मा दिने निर्णय गरियो । लेख रचना सङ्कलन सम्पादन संस्थाका गतिविधिको विवरण सम्पादनको काम गर्न प्रवक्ता तोया दाहाल र मिडिया तथा प्रकाशन समितिलाई जिम्मेवारी प्रदान गरियो ।

ख) त्यस्तै गैर आवासीय नेपाली सङ्घ न्युयोक च्याप्टरद्वारा आयोजना गर्न लागेको नेपाल डे परेडलाई सभ्य र भव्य रूपमा सफल बनाउन सम्पूर्ण अमेरिकामा रहनु भएका गैर आवासीय नेपालीहरूमा अनुरोध गर्ने निर्णय भयो ।

अन्जन कुमार चौलागाईं
महासचिव
गैर आवासीय नेपाली संघ
राष्ट्रिय समन्वय परिषद, अमेरिका
मे १६ , २०२२

"Once a Nepali Always a Nepali"

EIN# 62-1850599

"Once a Nepali Always a Nepali"